# समय मूर्दावाद

*विवश पोखरेल*

चुनाव सकिएपछि गरीब बृहस्पतियाले आफूले बटुलेर राखेका विभिन्न पार्टीका चुनावी झण्डा र तूलहरू मिलाएर आफ्ना बर्सेनिका छोराछोरीहरूलाई कपडाले पुगेसम्मका भोटो र कट्टु सिलाइदियो । उसको यो कार्यले उसका छोराछोरीहरू मात्र खुसी भएनन् 'थुक्क ! यी केटाकेटीहरूलाई जाबो एउटा भोटो र कट्टु पनि हाल्न सकेनौ ?' भनेर उसका लाछीपनलाई निरन्तर ठुडिरहने उसकी घरबाली फूलमतियाको मुखमा समेत केही समयको लागि बुजो लाग्यो ।

"बृहस्पतिया ! तँलाई लोचनबाबुले बोलाउनु भएको छ ।" नयाँ भोटो र कट्टुमा आँगनमा उफ्रदैं गरेका केटाकेटीहरूलाई हेर्दै चिलिम तान्दै गरेको बृहस्पतियाको ध्यानलाई उसलाई बोलाउन आएको किस्नाको खबरले भङ्ग गरिदियो ।

"कथिरे ! कि काम छे, अब तो चुनाव ओरा गेले ।" (किन रे ! के काम छ, अब त चुनाव सकियो) जुरुक्क उठेर सोध्यो बृहस्पतियाले ।

"कि जान : ओते खुशियाले घर लग छे लोचनबाबु ।" (के थाहा ? त्यहाँ खुशियाको घरनजिक छन् लोचनबाबु) उसलाई बोलाएको ठाउँको स्मरण गराएर बोलाउनुको कारण नखोली बाटो लाग्यो किस्ना ।

"नमस्कार हजुर !" बोलाइएको ठाउँमा मानिसको भीड थियो, डराई-डराई नमस्कार गऱ्यो बृहस्पतियाले । 'मलाई किन बोलाए ?" एउटा उत्सुकता पौडिरहेको थियो उभित्र ।

"क्या हो बृहस्पतिया ? तैंले फटाइँ गरिछस् नि ! त्यस्तो फटाइँ पनि गर्न हुन्छ ?" उसलाई तलदेखि माथिसम्म हेरे लोचनबाबुले ।

"कि मालिक ! हमरा तो कुछो मालुम नहीं छे, कि बात छे ?" (के मालिक ! मलाई त केही पनि थाहा छैन, के कुरा हो ?) लोचनबाबुको प्रश्नले निधार खुम्चियो बृहस्पतियाको । उसले बुझ्न सकेन उनको अपूर्ण भाषा ।

"होइन ! यसले हामीलाई हेपेको नै हो, यसलाई कारबाही नै गर्नपर्छ ।" उपस्थित मान्छेको समूहबाट एउटा मान्छे उफ्रियो ।

"के हजुर ! मैले त केही बुझिनँ । मैले के गल्ती गरेको छु र मलाई कारबाही गर्ने ?" अझै छक्क परेर उभिरहेको थियो बृहस्पतिया ।

"हैन बृहस्पतिया, क्या हो ? तैंले हाम्रो पार्टीको चुनाव चिन्ह भएको झण्डाको छोराछोरीहरूलाई गञ्जी र कट्टु सिलाएर लगाइ दिइस् रे त !" आफूलाई आफ्ना कार्यकर्ताले गरेको बृहस्पतिया विरुद्धको उजुरीको संक्षेप ब्यहोरा ओकले लोचनबाबुले ।

"हो हजुर ! अब चुनाव सकिएपछि त्यो झण्डाको के काम ? भनेर मैले आफ्ना नाङ्गा छोराछोरीहरूलाई गाँसगुँस पारेर गञ्जी र कट्टु सिलाइदिएको हुँ हजुर ! त्यो गञ्जी र कट्टु हजुरको पार्टीको चुनाव चिन्हको झण्डाको मात्र होइन सबै पार्टीको झण्डाको मिलाएर बनाइदिएको छु ।" डराई-डराई यथार्थ ओकल्यो बृहस्पतियाले ।

“यसले हाम्रो पार्टीलाई हेपेको हो ।” उसले यथार्थ पोख्नासाथ खनियो ऊमाथि उजुर गर्ने भ्याप्ले, कुण्डले, मुन्द्रे कार्यकर्ताको समूह । जसलाई विवादको एउटा विषय चाहिएको थियो । काम सकिएको चिजको एउटा गरिबले आफ्नो बच्चाहरूलाई लाउने लुगा सिलाइ दिएर मैले त्यस्तो ठूलो के कसुर गरेँ र हजुर ?” नम्र भयो बृहस्पतिया ।

“ठीक छ ! तैंले चुनाव चिन्ह भएको विभिन्न पार्टीको झण्डाको छोराछोरीहरूलाई गञ्जी र कट्टु त सिलाइस् तर तैंले हाम्रो पार्टीलाई हेपेर तेरो छोराको चाकमा चाहिँ हाम्रो पार्टीको चुनाव चिन्हलाई पार्ने गरी कट्टु सिलाउन लाइछस् नि ?” थप जानकारी दिंदै अर्को बम्कियो ।

स्तब्ध भयो बृहस्पतिया । सोच्दै नसोचेको दुर्घटना आइपऱ्यो उमाथि । ‘कहाँका कुरा कहाँ लगेर ओड्छन् यिनीहरू’ मनमनै सोच्यो उसले । चुनावी चिन्ह अंकित झण्डाको छोरालाई कट्टु सिलाउँदा संयोगले उनीहरूको चुनावीचिन्ह छोराको पींधमा पऱ्यो भनेर पुङ न पुच्छरको अभियोग लगाएर उसलाई सङ्कीर्ण कठघरामा उभ्याइएको बल्ल बुझ्यो उसले । र थप यो पनि ज्ञात भयो उसलाई चुनावमा उनीहरूको पार्टीलाई भोट नदिनुको प्रतिफल हो यो । बिचरो बृहस्पतियाले आज यही मुद्धाको कारण ठेला पनि निकाल्न पाएन रोजगारीका लागि । मरेको गाईलाई विरोधीको बालीमा ठड्याएर क्षतिपूर्ति लिने धूर्त खुबी भएको मान्छेहरूको अगाडि परास्त भयो ऊ ।

“तैंले यो जानीजानी गरेको होस् कि होइनस् ?” आफ्ना कार्यकर्ताको उजुर सुनेर निर्णय दिन बसेको लोचनबाबुले सफाइका लागि मौका दिए उसलाई ।

“हजुर ! मैले जानी-जानी त्यसो गरेको होइन, माफ पाउँ हजुर ! बरु सबै त्यो लुगा म अहिले गएर च्यातिदिन्छु, जलाइदिन्छु ।” अप्रत्याशित आफूमाथि लागेको आरोपले लुगलुग कामिरहेको थियो बृहस्पतिया । उत्तेजित समूह उसका शब्द-शब्दमा खनिन्थ्यो ऊमाथि ।

“तेरीमा विरोधी बजिया ! ए‘ अब तँ हाम्रो पार्टीको चुनाव चिन्ह अङ्कित झण्डा च्यात्ने‘ जलाउने ?” बृहस्पतियाको बोलीले अर्को सङ्कट थप्यो । उसले बोलेका राम्रै शब्दहरू पनि अब प्रतिकूल हुन पुग्यो उनीहरूका सामु ।

“हामी केही जान्दैनौं, तैंले हाम्रो चुनावचिन्हलाई छोराको पुच्छरमा चाहिं किन पारिस् ? त्यसको स्पष्टीकरण दे ।” एउटै रटान लगाइरहेका थिए सबै । मूर्खमण्डलीको जमात बढ्दै थियो क्रमशः बृहस्पतिया विरुद्ध ! उसलाई अप्ठ्यारो पार्न उद्धत थियो उपस्थित भीड ।

“हजुर ! मैले केटाकेटीहरूले बटुलेका सबै पार्टीको चुनाव चिन्ह भएको झण्डालाई भेला पारेर मास्टरलाई सिलाउन दिएको थिएँ । उसले हजुरहरूको पार्टीको चुनावचिन्हलाई छोराको कट्टुको पछाडिपट्टि पारिदिएछ यसमा मेरो गल्ती छैन हजुर ।” अब बृहस्पतियाले आफ्नो खैरियत देखेन । नम्र भएर सफाइका जतिसुक्कै शब्द फलाके तापनि उसको सफाइले कसैको मन पग्लने सम्भावना नदेखेपछि उसले अब सम्पूर्ण दोष कपडा सिलाउने टेलर माष्टरमाथि थोपऱ्यो र खुइयको लामो सुस्केरा हाल्यो । “उफ ! कस्तो-कस्तो समस्या आइलाग्छ ।”

“कुन माष्टरकोमा सिलाइएको होस् तैंले त्यो लुगा ?” अब लहरो तान्दा पहरो निस्कियो ।

“सुलेमान माष्टर हजुर ! सरौचियामा बस्छ ।” हात जोड्यो बृहस्पतियाले ।

“ल त्यसलाई पनि बोला ।” साक्षी प्रमाण बुझिने भयो अब कट्टु मुद्धाको ।

“यसको कुनचाहिं छोराले कट्टु सिलाएर लाएको हो हाम्रो चुनाव चिन्हको ?” पुनः अर्को प्रश्न तेर्सियो ।

“मेरो छोट्का छोराले हजुर ।” एउटा घोर अपराधीको रूपमा सालिक उभियो बृहस्पतिया ।

“त्यसलाई पनि बोलाउ ।”

डराई-डरँई सुलेमान माष्टर आयो । टुङ‘ टुङ‘ टुङ‘ टुङ‘ कन्धनीमा बाँधिएको घण्टी हल्लाउँदै विवादास्पद कट्टु लाएर बृहस्पतिया विरुद्धको दरिलो प्रमाण उसको छोरो आयो ।

“ल हेर्नुस् हामीले त्यत्तिकै भनेका हौ र ! यसले हाम्रो पार्टीलाई सीधै ‘डोमिनेट’ गर्न खोजेको हो ।” बृहस्पतिया विरुद्धको आरोपमा अब नेपालीबाट अङ्ग्रेजी मिसिन थाल्यो । बृहस्पतियाको छोराको उपस्थितिले सबैलाई जऱ्याकजुरुक उठायो आजको रमाइलो मुद्धाको रमाइलो कट्टु हेर्न । उसको छोराले अन्य पार्टीको चुनाव चिन्ह अङ्कित कपडाको भोटो लगाएको थियो भने छलफलका लागि मानिस भेला गराउने पार्टीको चुनाव चिन्ह अङ्कित झण्डाको कट्टु ।

“साले ! तँ अरूको चुनाव चिन्ह भएको कपडाको चाहिं गञ्जी सिलाउने, हाम्रो चुनाव चिन्ह भएको कपडाको चाहिँ कट्टु !” भीड अझ उत्तेजित भयो ।

“ए माष्टर ! यो केटाले लाएको कट्टु तैंले सिलाएको होस् ?” अब रिस बृहस्पतियामाथि मात्र होइन माष्टरमाथि पनि खनियो ।

“यो तेरो बेटा हो बृहस्पतिया ?” केही बेर गम्भीर भयो माष्टर । उसले ठिङ्ग उभिएको फुच्चे केटालाई हेऱ्यो । उसले लगाएको कट्टुलाई हेऱ्यो अनि बृहस्पतियालाई हेऱ्यो ।

“हो, यो मेरो छोट्का बेटा !” बृहस्पतियाले आफ्नो छोराको परिचय दिएपछि स्वीकार गऱ्यो माष्टरले “हो हजुर ! यो कट्टु मैले नै सिलाएको हो ।

“तँ हाम्रो पार्टीको बेइज्जत गर्ने ? अरू अरूको पार्टीको चुनाव चिन्हको कपडामा चाहिं भोटो र गञ्जी, हाम्रो पार्टीको चुनाव चिन्ह अङ्कित झण्डाको कट्टु ?” एउटा जुरुक्क उठेर माष्टरको कठालो समाउन पुग्यो ।

“मलाई बृहस्पतियाले केही तुलहरू मिलाएर भोटो र कट्टु सिलाइ दिन भनेर दिएको थियो । टुक्रा-टाक्री मिलाएर सिलाउँदा हजुरको पार्टीको चुनाव चिन्ह उसको छोराको कट्टुमा पर्न गयो । मैले जानी-जानी त्यसो गरेको होइन । धुँदा गइहाल्छ हजुर !” कठालो छुटाउँदै डरायो माष्टर ।

“धुँदा जान्छ, तँ हामीलाई सिकाउने, नधुञ्जेल नि ।” अब उनीहरूको रिस टेलर माष्टरमाथि खनियो ।

“यो त्यत्तिकै फ्याँक्नु च्यात्नु सट्टा त बरु हजुरहरूको यो चुनावचिन्ह भएको झण्डाले मेरो छोराको लाज छोप्नु राम्रो होइन र हजुर ! गल्ती बोलेको भए माफ पाउँ ।” आफ्नो मनको कुरा पोख्यो बृहस्पतियाले । भोट नदिएको रिस फेर्न बोलाइएको यो मेलामा जतिसुकै सफाइ दिए तापनि उसको केही नलाग्ने भएपछि अन्ततः पूर्ण साबित भयो ऊ आफ्नो अपराधमा । उसले त्यहाँ विद्रोह गरेर त्यहाँको वातावरणलाई कुरुक्षेत्र बनाउन चाहेन । मौसम क्रमशः धम्मिलिँदै थियो ।

“साले ! नेता हुन्छ” नचाहँदा-नचाहँदै पनि एक मुड्की खाइहाल्यो बृहस्पतियाले ।

“यो कट्टु च्यात” र भीड उसको छोरामाथि खनियो । आफ्नो पार्टीको चुनावचिन्ह कसैको पींधमा परेको उनीहरूलाई सह्य भइरहेको थिएन र उत्तेजित भीडको हात कौरवका हात भएर बृहस्पतियाको छोराले लगाएको कट्टु तान्न पुग्यो । द्रौपदीको पर्याय बिचरा बृहस्पतियाको छोरा कट्टु समाएर रोइरह्यो ह्वँा‘ ह्वँा‘ । केही बुझेन उसको अबोध मनले कट्टु प्रसङ्ग । बृहस्पतियाले भने मौन विद्रोह गरिरह्यो दूषित समयप्रति “समय मूर्दावाद !”

*- विराटनगर*